Emerging Nepal

इमर्जिङ्ग नेपाल लिमिटेड
काठमाडौं, नेपाल ।

२०८०।०८।१५ गते (तदनुसार १ डिसेम्बर , २०२३) शुक्रबार का दिन सम्पन्न

# आठौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

आर्थिक वर्ष २०७९/८०

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

## इमर्जिङ्ग नेपाल लिमिटेडको
## आठौँ वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (निर्णय माईन्युट)
**(पाना नं. १ देखि ६ सम्म)**

१. **वैधानिक सभा :**

इमर्जिङ्ग नेपाल लिमिटेडको मिति २०८० कार्तिक २३ गते बिहीबार (तदनुसार ९ नोभेम्बर, २०२३) मा बसेको सञ्चालक समितिको ८१औं बैठकको निर्णयानुसार बोलाईएको आठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लालमणी जोशीज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णय गरी सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८० मंसिर १५ गते , शुक्रबार (तदनुसार १ डिसेम्बर , २०२३)

स्थान : बानेश्वर ब्यान्क्वेट, नयाँ बानेश्वर, काठमाण्डौं ।

समय : बिहान ११:०० बजे ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थीति**

| | | |
|---|---|---|
| श्री लालमणी जोशी | संस्थापक समुह | अध्यक्ष |
| श्री अशोक कुमार अग्रवाल | संस्थापक समुह | सञ्चालक |
| श्री चन्द्र टण्डन | संस्थापक समुह | सञ्चालक |
| श्री विकास शिल्वाल | सर्वसाधरण समूह | सञ्चालक |
| श्रीमती शर्मिला श्रेष्ठ महर्जन | स्वतन्त्र | संचालक |

**पदाधिकारीहरुको उपस्थिति :**

श्री विशाल उप्रेती - प्रमुख कार्यकारी अधिकृत

श्री रमेश भण्डारी - कम्पनी सचिव

साथै, कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी श्री दामोदर रायमाझी समेतको उपस्थिति रहेको थियो ।

४. **सभाको सूचना तथा आवश्यक विवरण :**

मिति २०८०/०७/२३ गते बसेको यस कम्पनीको सञ्चालक समितिको ८१औं बैठकले मिति २०८० मंसिर १५ गते , शुक्रबारका दिन बिहान ११:०० बजे आठौं वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ र यस संस्थाको नियमावली बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु समेत उल्लेख



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

गरी मिति २०८०/०७/२४ र २०८०/०८/०७ को आर्थिक अभियान दैनिक पत्रिकामा सूचना प्रकाशित गरी आठौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो । विद्युतीय ठेगाना उपलब्ध गराउने शेयरधनीहरुलाई सोही ठेगानामा पठाईएको र कम्पनीको वेवसाइट www.emergingnep.com मा पनि साधारण सभा सम्बन्धी सूचना हेर्न सकिने व्यवस्था रहेको थियो ।

**५. सभामा भएका छलफलका विषयहरु :**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० अषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४.सञ्चालक समितिले पारित गरे बमोजिम कम्पनीको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०७९/८० को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.५५,५६,००,०००/- (अक्षरेपी पचपन्न करोड छपन्न लाख मात्र) को ८.४२१०५% अर्थात रु. ४,६७,८७,३६८.४२/- (अक्षरेपी चार करोड सतसट्ठी लाख सतासी हजार तीन सय अड्सट्ठी र बयालिस पैसा मात्र) बराबरको नगद लाभांश (कर प्रयोजन सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । ( कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री **K.J. & Associates, Chartered Accountant** पुनः नियुक्त हुन योग्य रहेको ।)

**(ख) विविध :**

१. मिति २०८० साल कार्तिक २१ गते मगंलबार दिउँसो ३:०० बजे बसेको यस इमर्जिङ्ग नेपाल लिमिटेडको संचालक समितिको ८० औं बैठकबाट कम्पनीको स्वतन्त्र संचालक श्रीमती लिमा अधिकारी (आचार्य) को राजिनामा मिति २०८० साल वैशाख १० गतेको ७४औं बैठकबाट स्वीकृत भए पश्चात रिक्त रहेको स्वतन्त्र संचालक पदमा मिति २०८० साल कार्तिक २१ गतेबाट लागु हुने गरी श्रीमती शर्मिला श्रेष्ठ महर्जनलाई बाँकी कार्यकालका लागि नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

२. विविध अन्तर्गत यस कम्पनीको संचालक समितिका अध्यक्ष र अन्य संचालकहरुको बैठक भत्ता मिति २०७२/०५/०६ मा सम्पन्न कम्पनीको पहिलो सञ्चालक समितिको बैठकबाट निर्धारण भए बमोजिम अध्यक्षको रु ६,०००। र अन्य संचालकहरुको रु ५,०००। रहि आएकोमा सोही अनुसार यस पश्चात पनि संचालक समितिका अध्यक्षको प्रति बैठक भत्ता रु ६,००० ।- ( छ हजार रुपैंया मात्र) र संचालक समितिका अन्य सदस्य तथा संचालक स्तरका समिति/उप समितिका पदाधिकारीहरुको प्रति बैठक भत्ता रु ५,००० ।- ( पाँच हजार रुपैंया



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

मात्र) कायम गर्ने साथै हालसम्म संचालक समितिका अध्यक्ष र संचालकहरु तथा संचालक स्तरका समिति/उप समितिका पदाधिकारीले पाएको बैठक भत्ताको रकम अनुमोदन गर्ने ।

**६. शेयरधनीहरुको उपस्थिति :**

| कुल शेयर संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ५५,५६,००० | २७ | २६ | ५३ | ४१,५४,०९२ | ७४.७६% |

**७. गणपूरक संख्या एवम् बैधानिकता :**

सभाको प्रारम्भमा कम्पनी सचिव श्री रमेश भण्डारीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र यस सभामा कम्पनीको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा आठौं वार्षिक साधारण सभा वैधानिक रहेको घोषणा गर्नुभयो ।

**८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :**

गणपूरक संख्या पुगेको र साधारण सभा वैधाानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका कम्पनीका कम्पनी सचिव श्री रमेश भण्डारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावली बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री लालमणी जोशीज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । ततपश्चात्, कम्पनीका सञ्चालक समितिका सञ्चालकज्यूहरु, नियमनकारी निकायका प्रतिनिधि लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात्, राष्ट्रिय गान बजाई र दीप प्रज्वलन गरी साधारण सभा विधिवत रुपमा प्रारम्भ भयो ।

**९. अध्यक्षज्यूको मन्तव्य :**

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको मन्तव्य राख्नुभयो ।

**१०. मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान :**

कार्यक्रम संचालनकर्ताले सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्न लिखित शेयरधनी महानुभावले आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नुभयो :

**१. श्री चन्द्र नारायण श्रेष्ठ , सर्वसाधारण शेयरधनी**

कम्पनीले संस्थागत सुशासनलाई आत्मसात गर्दै सम्पुर्ण शेयरधनी, कर्मचारी तथा अन्य सरोकारवालाहरुको विषयमा गम्भीर भएको र ती समग्र विषयलाई सम्बोधन गर्दै अघि बढेकोमा श्री चन्द्र नारायण श्रेष्ठले धन्यबाद दिनुभयो । कम्पनीले यस आ. व. मा खर्चमा मितव्ययिता अपनाएको र समग्र वित्तिय अवस्था तथा संचालन पक्रिया प्रति खुसी

व्यक्त गर्दै कतिपय १०/१५ वर्ष देखि संचालनमा आएका कम्पनीले लाभाशं नदिएको तर कम्पनीले लाभाशं दिएकोमा धन्यवाद दिनुभयो । कम्पनीको आगामी दिनमा अझै प्रगतीको कामना गर्दै धार आगामी वर्षहरुमा शेयरधनीहरुलाई दिने प्रतिफल बृद्धि हुदै जानेमा आफु विश्वस्त रहेको धारणा राख्नुभयो ।

**२. श्री शत्रुधन श्रेष्ठ , सर्वसाधारण शेयरधनी**

कम्पनीको संचालक समिति र कर्मचारी प्रशासनको इमान्दारीताको मुक्त कण्ठले प्रशंसा गर्नुभयो । कम्पनीले नगद लाभाशं वितरण गर्ने निर्णय प्रति खुशी व्यक्त गर्नुभयो । कम्पनीले आगामी दिनमा ठूला जलविद्युत आयोजना जस्तै अरुण तेस्रो, बुढिगण्डकी जस्ता आयोजनामा लगानी गर्न सकेमा अझै राम्रो हुन्थ्यो भन्ने धारणा व्यक्त गर्नुभयो ।

**३. श्री इन्द्र कृष्ण श्रेष्ठ , सर्वसाधारण शेयरधनी**

कम्पनी आठौं वर्ष पुरा गरी नवौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा बधाई दिँदै आगामी दिनमा कम्पनीको उत्तरोत्तर प्रगतीको कामना गर्दै शुभकामना व्यक्त गर्नुभयो ।

यसका अलावा अन्य कसैको कुनै पनि जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नका लागि प्राप्त नभएको कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासा, प्रश्न तथा सुझाव उपर अध्यक्षज्यूले दिनुभएको समष्टिगत प्रत्यूत्तरको सारांश :**

कम्पनीको आठौं वार्षिक साधारण सभाको गरिमा बढाउन सभामा उपस्थित शेयरधनी महानुभाव लगायत उपस्थित सबैमा कम्पनीको र आफ्नो व्यक्तिगत तर्फबाट नमन र धन्यवाद व्यक्त गर्नुभयो ।

कोभिड-१९ पश्चातको परिस्थिति, बजारमा उत्पन्न असहज अवस्था र विभिन्न अन्तराष्ट्रिय परिदृश्य र बाधा, अवरोधलाई सामना गर्दै लक्ष्य प्राप्ति गर्ने दिशामा मन, वचन र कर्मले लागिरहेको, सम्पूर्ण सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरु सोही दर्शनबाट निर्देशित भएर कार्य गरिरहेको व्यहोरा सभालाई जानकारी गराउनुभयो । यो वर्ष पनि कम्पनीले लिएको लक्ष्य हासिल गर्न कुनै कसर बाँकी नराखि अगाडि बढि रहेको र शेयरधनीलाई उचित प्रतिफल दिन सकिने विश्वास लिएको व्यहोरा सभालाई जानकारी गराउनुभयो । आगामी दिनहरुमा पनि कम्पनीले लगानीका नयाँ क्षेत्रहरु पहिचान गरी शेयरधनीलाई प्रतिफल सुनिश्चित गर्न तर्फ कम्पनी अग्रसर रहेको जानकारी गराउनुभयो ।

**११. प्रस्तावहरुको प्रस्तुति :**

अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा कम्पनीको आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका

वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव :**

१. सामान्य प्रस्ताव (१) अन्तर्गत आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा आर्थिक वर्ष २०७९/८० को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. सामान्य प्रस्ताव (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. सामान्य प्रस्ताव (३) अन्तर्गत यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. सामान्य प्रस्ताव (४) अन्तर्गत सञ्चालक समितिले पारित गरे बमोजिम कम्पनीको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०७९/८० को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.५५,५६,००,०००/- (अक्षरेपी पचपन्न करोड छपन्न लाख मात्र) को ८.४२१०५% अर्थात रु. ४,६७,८७,३६८.४२/- (अक्षरेपी चार करोड सतसठ्ठी लाख सतासी हजार तीन सय अड्सठ्ठी र बयालिस पैसा मात्र) बराबरको नगद लाभांश (कर प्रयोजन सहित) वितरण गर्न स्वीकृत गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

५. सामान्य प्रस्ताव (५) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८०/८१ को बाह्य लेखापरीक्षणका लागि श्री के.जे. एण्ड एसोसियट्स नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने Certification , Tax Audit लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि निजलाई मूल्य अभिवृद्धि कर (VAT) बाहेक रु.१,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

(ख) विविध

१. विषयसूची विविध (१) अन्तर्गत मिति २०८० साल कार्तिक २१ गते मगंलबार दिउँसो ३:०० बजे बसेको इमर्जिङ्ग नेपाल लिमिटेडको संचालक समितिको ८० औं बैठकबाट कम्पनीको स्वतन्त्र संचालक श्रीमती लिमा अधिकारी (आचार्य) को राजिनामा मिति २०८० साल वैशाख १० गतेको ७४औं बैठकबाट स्वीकृत भए पश्चात रिक्त रहेको स्वतन्त्र संचालक पदमा मिति २०८० साल कार्तिक २१ गतेबाट लागु हुने गरी श्रीमती शर्मिला श्रेष्ठ महर्जनलाई बाँकी कार्यकालका लागि नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने व्यहोरा सभा समक्ष पेश भएकोमा सोलाई सभाले सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्‍यो ।

२. विषयसूची विविध (२)अन्तर्गत यस कम्पनीको संचालक समितिका अध्यक्ष र अन्य संचालकहरुको बैठक भत्ता मिति २०७२/०५/०६ मा सम्पन्न कम्पनीको पहिलो सञ्चालक समितिको बैठकबाट निर्धारण भए बमोजिम अध्यक्षको रु ६,०००। र अन्य संचालकहरुको रु ५,०००। रहि आएकोमा सोही अनुसार यस पश्चात पनि संचालक समितिका अध्यक्षको प्रति बैठक भत्ता रु ६,००० ।- ( छ हजार रुपैंया मात्र) र संचालक समितिका अन्य सदस्य तथा संचालक समिति स्तरका समिति/उपसमितिका पदाधिकारीहरुको प्रति बैठक भत्ता रु ५,००० ।- ( पाँच हजार रुपैंया मात्र) कायम गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो । साथै हालसम्म संचालक समितिका अध्यक्ष र संचालकहरु तथा संचालक स्तरका समिति/उप समितिका पदाधिकारीले पाएको बैठक भत्ताको रकम अनुमोदन गर्ने व्यहोरा सभा समक्ष पेश भएकोमा सोलाई सभाले सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्‍यो ।

उपरोक्त बाहेक छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिंदै सभा विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अध्यक्षज्यूले यस सभामा आफ्नो अमूल्य समय दिई सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावज्यूहरुलाई यस साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा हृदयदेखि नै नमन र धन्यवाद ज्ञापन गर्दै कम्पनीलाई अझ थप उचाईमा पुर्‍याउनको लागि निरन्तर रुपमा आफ्नो राय, सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने नियामक निकायहरु, आदरणीय शेयरधनी महानुभावज्यूहरु, कम्पनीका सञ्चालकज्यूहरु, तथा सम्पूर्ण कर्मचारीहरुबाट भविष्यमा समेत सहयोग एवं मार्गदर्शन प्राप्त भइरहने अपेक्षा एवं विश्वास राख्दै आठौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**रमेश भण्डारी**
**कम्पनी सचिव**

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**लालमणी जोशी**
**अध्यक्ष**

**मिति : २०८०/०८/१५**